क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः १४९, २०८२ कार्तिक २४ गते सोमबार (10 Nov., 2025) -मूल्यः रु. १०।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक



**सचेत उपभोक्ता बनौं ।**

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं,
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातिक वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मुल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल अनिवार्य लिऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# महाकालीमा निर्माणाधीन पुल अलपत्र, योजना प्रभावित

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २३ कार्तिक**

कञ्चनपुरको महाकाली नदीमा निर्माणाधीन पुल अलपत्र हुँदा आर्थिक नाकाका रूपमा विकास गर्ने योजना अन्योल बनेको छ । निर्माणाधीन चार लेनको उक्त पक्की पुलको ९५ प्रतिशत काम सम्पन्न भए पनि एक वर्ष बितिसक्दा बाँकी कामले पूर्णता पाएको छैन ।

महाकाली पुल निर्माण योजना अर्न्तगत निर्माण थालिएको उक्त पुल सरकारी उदासिनताका कारण अलमलमा परेको कार्यालयका सूचना अधिकारी रवि शाहले बताए । उनका अनुसार योसँगै सुदूरपश्चिमकै प्रमुख आर्थिक नाकाका रूपमा विकास गरी महाकाली करिडोर सँग जोडेर यहाँ व्यापारिक नाका विस्तार गर्ने योजना प्रभावित बनेको छ ।

सुदूरपश्चिमकै ठूलो आयोजनाभित्र पर्ने चार लेनको आठ सय मिटर लम्बाइको पक्की पुलसँगै बन्ने ड्याम (गाइडबण्ड) निर्माण चालु आर्थिक वर्षमा सुरु हुन नसकेको शाहको भनाइ छ। चार वर्षअघि महाकाली नदीमा आएको बाढीपछि यहाँ पुल निर्माण प्रभावित बन्दै आएको थियो । गत वैशाखमा सरकारले उक्त पुललाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरी महाकाली किनारका बस्ती जोगाउन ड्याम पुनर्निर्माणको जिम्मा नेपाली सेनालाई दिएको थियो । सेनाले तीन महिनाका लागि पाएको उक्त जिम्मेवारी गत साउनमा पूरा गरेर फर्किसकेको योजना कार्यालयका सूचना अधिकारी शाहले जानकारी दिए । 'गाइडबण्ड' बनाउन ढाँचा (डिजाइन) परिर्वतन स्वीकृत भए पनि 'भेरियसन आदेश' नहुँदा पुल निर्माणको जिम्मेवारी पाएको कुमार श्रेष्ठ निर्माण कम्पनी तथा चाइना फ्युल कन्स्ट्रक्सन कम्पनी (सिएफसी) जेभीले गत वर्ष काम छाडेको थियो । योजना कार्यालयका अनुसार भेरियसनको विषयमा सडक विभाग तथा माथिल्लो निकायले टुङ्गो नलगाएपछि कम्पनीले ठेक्का सम्झौता रद्द गर्न पत्राचार गरेको थियो ।

"निर्माण कम्पनीसँगको ठेक्का पूर्ण रूपमा रद्द पनि भएको छैन, सेनाले तोकिएको जिम्मेवारी पूरा गरेर फर्किसकेको छ", सूचना अधिकारी शाहले भने, "अहिले गाइडबण्डको बायाँतर्फ २ सय ६२ मिटर क्षति पुगेको छ।" यसैबीच, गत साउनदेखि ठप्प बनेको पुलको काम अगाडि बढाउन र बाढीपछिको सो क्षेत्रको अवस्था बुझ्न आज सडक विभागबाट सहसचिव थानेश्वर खत्रीसहितको टोली महाकाली पुल निर्माणस्थल अनुगमनका

**-बाँकी समाचार पृष्ट ३ मा**

# मुद्दा हाल्दा पुलको काम ठप्प

**-पश्चिम नेपाल संवाददाता**
**धनगढी, २३ कार्तिक**

कैलालीको धनगढीमा सम्झौताको आठ वर्षसम्म पुलको काम अलपत्र छोड्ने निर्माण व्यवसायीले अदालतमा मुद्दा दर्ता गर्दा शिवगङ्गा पुलको काम ठप्प भएको छ ।

आठ वर्षसम्म योजना ओगटेर काम नगरेकाले सडक विभागले ठेक्का तोड्ने निर्णय गरेको थियो । सो निर्णयको विरुद्ध निर्माण व्यवसायी चन्द्रशेखर मल्ल अदालत गएकाले पुल निर्माणको काम ठप्प भएको हो ।

धनगढी उपमहानगरपालिका-१७ पथरी र वडा नम्बर १६ रामपुर जोड्ने पक्की मोटरेबल पुल निर्माणको काम अहिलेसम्म अलपत्र पर्दा सर्वसाधारणले सरकारी निकायको आलोचना गर्दै आएका छन् ।

सडक डिभिजन कार्यालय, महेन्द्रनगर ले २०७४ असार २७ गते पुल निर्माणको सम्झौता गरेको थियो । धनगढीबाट बेहडाबाबा मन्दिर जाने मुख्य सडकको शिवगंगामा पुल निर्माणका लागि सम्झौता भएको आठ वर्ष हुँदा पनि जग निर्माणको कामसमेत पूरा नभएकाले सडक विभागले ठेक्का सम्झौता तोड्ने निर्णय गरेको थियो ।

कुल १४ करोड २६ लाख रुपैयाँमा तीन वर्षभित्र काम सक्ने गरी सडक डिभिजन कार्यालय, महेन्द्रनगर र पप्पु एड्भेन्चर जेभीबिच २०७४ असार २७ गते ठेक्का सम्झौता भएको थियो। निर्माण कम्पनीले आठ वर्षसम्म पुलको काम अलपत्र पारेकाले सडक विभागले ठेक्का तोड्ने निर्णय गरेको जनाएको छ ।

सडक डिभिजन महेन्द्रनगरले निर्माण व्यवसायी अदालत गएकाले पुल निर्माणको काम ठप्प हुन पुगेको जनाएको छ। सडक विभागले पुलको 'फाउन्डेसन निर्माणको क्रममा पाइल टेस्ट गर्दा 'टोटल कन्क्रिट कोर रिकभरी' सन्तोषजनक नभएको र केही पाइलहरू लोड टेस्टमा समेत फेल भएकोले उक्त कार्यलाई अस्वीकार गरी नयाँ ठाउँमा पुल निर्माण गर्नुपर्ने निर्णय' गरेको हो ।

निर्माण व्यवसायी चन्द्रशेखर मल्ल उक्त निर्णयको विरुद्ध अदालत गएकाले

**-बाँकी समाचार पृष्ट २ मा**

**दोधारा चाँदनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दोधारा चाँदनी, कन्चनपुर**
**सुदुरपश्चिम प्रदेश**

## करार पदपूर्ति सम्बन्धी सुचना

(दोस्रो पटक प्रकाशित मिति २०८२।०७।२४ गते)

यस नगरपालिका नगरकार्यपालिका कार्यालयलाई देहायको जनशक्ति आबश्यक भएको र उक्त जनशक्ति खुला प्रतिस्पर्धाको माध्यम बाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको राजस्व बुझाई यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागियो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नम्बर | पद | तह | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | ०२-२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | १ एकजना | रु १०००।- | |
| ०२ | ०३-२०८२/०८३ | विद्यालय नर्स | सहायक पाँचौ | २ दुईजना | रु ७००।- | |

**१-आबश्यक न्यूनतम योग्यता र अनुभव**:-
क- विज्ञापन नम्बर ०२-२०८२/०८३ का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण सँस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह पास गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद दर्ता भएको र सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक ।
ख- विज्ञापन नम्बर ०३-२०८२/०८३ का लागी नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह पास गरी नेपाल नर्सिङ्ग परिषद दर्ता भएको र सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक ।

**२- दरखास्त दिने ब्यक्तिको उमेर**:- विज्ञापन नम्बर ०२-२०८२/०८३ का लागि २१ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको र विज्ञापन नम्बर ०३-२०८२/०८३ का लागि १८ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको ।

**३- दरखास्त दिने स्थान**:- दोधारा चाँदनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

**४- दरखास्त दिने अन्तिम मिति** :- पदपूर्ति गर्ने सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र, सो दिन सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

**५-आबेदन साथ सँलग्न गर्नुपर्ने कागजातहरु**:-आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क. नागरिकता ख. काम सँग सम्बन्धित अनुभब भए सोको कागजात
ग.न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र
घ. परिषदमा दर्ता भएको प्रमाणपत्र
ङ. चारित्रिक प्रमाणपत्र च. २ प्रति पासपोर्ट साईजको फोटो

**६- छनौटको किसिम**:- संछिप्त सूची, लिखित परीक्षा र मौखिक परीक्षा ।

**७- सेवा सुबिधा तथा अन्य**:- नेपाल सरकारको नियमानुसार ।

**८- दरखास्त फाराम**:- दरखास्त फाराम यस कार्यालयबाट वा नगर कार्यपालिका कार्यालयको वेबसाईट www.dodharachandanimun.gov.np बाट उपलब्ध गर्न सकिनेछ ।

**खेमराज खत्री**
**प्रमुख प्रशासकिय अधिकृत**




# ढिलासुस्तिले अझै कालोपत्र हुन सकेन बेलौरी–कलुवापुर सडक

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, २३ कार्तिक**



कञ्चनपुरको दक्षिणी क्षेत्र जोड्ने बेलौरी-कलुवापुर सडक कालोपत्र अझै पूरा हुनसकेको छैन ।

सडकखण्डको बन्साह वनक्षेत्र हुँदै कलुवापुर सम्मको सडक अझै कालोपत्र हुन बाँकी छ । झण्डै तीन किलोमिटर सडक कालोपत्र नहुँदा स्थानीयवासी धुलाम्मे र खाल्डाखुल्डी सडकमा सास्ती खेप्न बाध्य छन् ।

विसं २०७८ मा निर्माण कम्पनीले सडक कालोपत्र गर्ने ठेक्का लिएको हो । निर्माण व्यवसायीको ढिलासुस्तीका कारण कामले गति लिनसकेको छैन । कालोपत्रका लागि स्थानीय बासिन्दाले पटकपटक सडक बन्द गरेर दबाब दिँदै आएका छन् ।

कलुवापुरका व्यवसायी अक्कलबहादुर विष्ट ठेक्का लिएर पनि निर्माण व्यवसायीले कार्य गरेजस्तो गर्ने तर नगर्ने परिपाटीका कारण कार्य अलपत्र परेको बताए । “तीन किलोमिटर सडक कालोपत्र गर्न पाँच वर्ष लाग्नु विडम्बना हो”, उनले भने, “काम नगर्ने ठेक्का तोडिनुपर्छ, क्षतिपूर्ति असुल गर्नुपर्छ ।”

शुक्लाफाँटा नगरपालिका-१२ का टुङ्के बोहराले राजनीतिक संरक्षणका कारण निर्माण व्यवसायीले वर्षौंदेखि काम ढिला पारेको आरोप लगाए । “राजनीतिक पहुँच नभएको भए अहिलेसम्म काम सकिनुपर्ने थियो”, उनले भने, “यस्ता कार्य नगर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्नु पर्छ ।

पूर्वाधार विकास कार्यालयका प्रमुख योगेन्द्रबहादुर अधिकारीका अनुसार कार्यालयले पटकपटक निर्माण व्यवसायीलाई कार्य अगाडि बढाउन ताकेता गर्दै आएको छ । उनले भने, “गत वर्ष एक करोड २५ लाख विनियोजन गरि एको बजेट कार्य नहुँदा फिर्ता भयो, यस वर्ष ५० लाख विनियोजन गरिएको छ, बजेटको अभाव छैन, निर्माण व्यवसायीले मात्र काम अगाडि बढाउनुपर्छ, रकमान्तर गरेर पनि सडक कालोपत्रका लागि आवश्यक बजेटको व्यवस्था हुन्छ ।” अधिकारीका अनुसार आउँदो चैतसम्म ठेक्का सम्झौताको म्याद बाँकी छ । “निर्धारित समयभित्र कार्य सम्पन्न नभए ठेक्का तोड्नेबारे विचार भइरहेको छ”, उनले भने । करिब चार दशकअघि निर्माण थालिएको सो सडकका केही भाग कालोपत्र भइसके पनि वन्साहदेखि कलुवापुरसम्मको तीन किलोमिटर र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको चानदेवदेखि स्याली नदीसम्मको पाँच किलोमिटर क्षेत्रमा पनि सडक स्तरोन्नति र कालोपत्रको कार्य हुनसकेको छैन ।

सडकको कालोपत्र गरिएका विभिन्न ठाउँमा सडक फुट्ने र खाल्डाखुल्डी हुने समस्या निरन्तर देखिँदै आएको छ । मर्मतसम्भारको पर्खाइमा रहेका ती भाग पनि बिग्रँदै गएका छन् ।

## मुद्दा हाल्दा पुलको काम...

पुल निर्माणको काम ठप्प भएको सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी इन्जिनियर हरिस प्रसाद जोशीले बताए ।

धनगढी उपमहानगरपालिकाले पनि सडक विभागको निर्माण विरुद्ध निर्माण व्यवसायी अदालत गएकाले पुल निर्माणको काम अनिश्चित भएको जनाएको छ ।

तीन वर्ष भित्र पुल निर्माणको काम सक्ने गरी ठेक्का सम्झौता भएकोमा आठ वर्षसम्म पुल निर्माणले गति लिन सकेन । पटक-पटक म्याद थपिएकोमा पछिल्लो पटक थपिएको म्यादसमेत गत भदौ ३१ गते समाप्त भएको छ । ठेक्का सम्झौताअनुसार २०७७ असार २५ गतेभित्र काम सकिनुपर्ने हो । सडक डिभिजन कार्यालयले पछिल्लो पटक २०८२ साल भदौसम्म म्याद थप गरेको थियो ।

सडक विभागले पुल निर्माणको स्थान परि वर्तन गर्नु पर्ने निष्कर्ष निकालेको थियो। स्थान परिवर्तन गर्ने निर्णय विरुद्ध निर्माण व्यवसायी अदालत गएका हुन् । यो विषयमा निर्माण व्यवसायी मल्लसँग कुराकानी गर्न खोज्दा उनले फोन उठाएनन् ।

व्यवसायीले हालेको मुद्दा किनारा नलाग्दासम्म शिवगङ्गा नदीमा पुल नबन्ने भएको छ । जसका कारण अझै केही वर्ष उक्त सडक प्रयोग गर्नेले सास्ती खेप्नुपर्ने भएको छ ।


**सृजनात्मक बचत तथा ऋण सहकारी संस्था लि.**
**भीनपा ११ गड्डाचौकी, कञ्चनपुर**

**१६ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना**

यस श्री सृजनात्मक बचत तथा ऋण सहकारी संस्था लि.को १६ औं वार्षिक साधारण सभा तपशिलको मिति, सयम र स्थानमा सम्पन्न हुने भएकोले संस्थाका सम्पूर्ण शेयर धनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**
**(क) मिति** : २०८२ मंसिर ६ गते
**(ख) समय** : बिहान ११:०० बजे
**(ग) स्थान** : डायमण्ड पब्लिक एकेडेमी भीनपा १० गड्डाचौकी

**साधारण सभाका प्रस्तावहरु**
(१) सचिवद्वारा प्रस्तुत हुने प्रतिवेदन
(२) कोषाध्यक्षद्वारा प्रस्तुत हुने प्रतिवेदन
(३) आ.व. २०८१/०८२ लेखा परीक्षण प्रतिवेदन
(४) आ.व. २०८२/०८३ को अनुमानित आय व्यय
(५) आ.व. २०८२/०८३को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक
(६) निर्णय पुस्तिकामा प्रमाणीकरणका लागि प्रतिनिधि छनौट
(७) विविध

**मदन सिह क्षेत्री**
**अध्यक्ष**



# Vacancey Announcement

**Shree Bhubaneswari Vidya Mandir, Gaddachauki, Bheemdatt-11, Kanchanpur** invites application form motivated, Experienced, Professional and competent candidates for the following posts.

| Level | Subjects | Nos. | Qualification | Salary |
|---|---|---|---|---|
| Primary /Lower Secondary | Science / Mathematics | 1 | Intermediate or equivalent | Negotiable |
| Primary /Lower Secondary | Science / Computer | 1 | Intermediate or equivalent | Negotiable |

**Interested candiates are requested to apply with their updated CV, hand written application, Certificate of academic degree [SLC to the last] till 2082/07/25 Friday.**
**Contact No.: 9858750907**

**Shree Bhubaneswari Vidya Mandir**
**Gaddachauki, Bheemdatt-11, Kanchanpur**



**लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा**

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेको जानकारी गराउँदछौं ।

**डा. केशव भट्ट**
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. शक्ति नृसिंह यादव**
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

**डा. प्रशान्त भट्ट**
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

**डा. शोमनाथ भण्डारी**
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

**डा. निर्मल अमर सिंह थापा**
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बावाशिर, पेट रोग विशेषज्ञ

**लाईफ केयर क्लिनिक**
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath




# “साना क्रिकेटर, ठूला सपना” ‘ड्रिमर्स कप’ टी–१० प्रतियोगिता

**–पश्चिम नेपाल संवाददाता**

**धनगढी, २३ कार्तिक**

सुदूरपश्चिमको धनगढीमा साना उमेरका विद्यार्थीहरूका लागि आयोजना हुने अन्तर विद्यालय अन्डर-६ क्लास मुनिको क्रिकेट प्रतियोगिता ड्रिमर्स कपको घोषणा गरिएको छ । क्रिकेटको सहर धनगढीको जगसँग जोडिएको गो ड्रीमर्स प्रा.लि ले ‘टाइनी क्रिकेटर्स, बिग ड्रिम’ अर्थात् साना क्रिकेटर , ठुला सपना भन्ने नाराका साथ ग्रासरुट लेबलमा खेलिरहेका साना नेपाली क्रिकेटरहरूको भविष्य उज्यालो बनाउने अभियान स्वरूप यो प्रतियोगिताको शनिवार घोषणा गरेको हो ।

आयोजकका अनुसार यो प्रतियोगिताले विद्यालय तहका विद्यार्थीहरूमा खेल प्रतिको रुचि र प्रतिस्पर्धात्मक अनुशासित भावना बढाउने उद्देश्य राखेको छ । कक्षा ६ वा सोभन्दा मुनिका बालबालिकाहरूलाई लक्षित गरिएको यो प्रतियोगिता कार्तिक २५ गतेदेखि धनगढी-३ स्थित धनगढी क्रिकेट एकेडेमीको खेल मैदानमा सञ्चालन हुने प्रतियोगिताका संयोजक सन्दिप भट्टले जानकारी दिए । यो प्रतियोगिता १०/१० ओभरको क्रिकेट लिग टी-१० फरम्याटमा खेलाइनेछ। लिगमा एउटा टिमले चार ओटा म्याच खेल्ने मौका पाउने छ ।

विजेता टोलीलाई नगद २२ हजार २ सय २२ रुपैया सहित आकर्षक ट्रफी, प्रमाणपत्र र मेडल प्रदान गरिनेछ। उपविजेता लाई नगद ११ हजार १ सय ११ सहित आकर्षक ट्रफी, प्रमाणपत्र र मेडल दिइनेछ। त्यसै गरी, व्यक्तिगत रूपमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई विशेष पुरस्कारहरू प्रदान गरिनेछन्। प्लेयर अफ द सिरिजले साइकल, उत्कृष्ट ब्याट्सम्यान ले क्रिकेट ब्याट, उत्कृष्ट बलर ले स्पोर्ट्स सुज, प्लेयर अफ द म्याचले ट्रफी र इमर्जिङ प्लेयरले डीसीएमा छात्रवृत्ति सहित क्रिकेट किट सेट प्राप्त गर्नेछन् ।

प्रतियोगितामा सहभागी विद्यालयहरूले केवल कक्षा ६ र सोभन्दा मुनिका विद्यार्थीहरू मात्र खेलाएको हुनुपर्ने व्यवस्था गरिएको छ । यदि कुनै विद्यालयबाट सो भन्दा माथिका विद्यार्थी खेलाएको प्रमाणित भएमा सो विद्यालयलाई तत्कालै डिस-क्वालिफाइ गरिने र आगामी दुई वर्षसम्म आयोजकले गर्ने कुनै पनि विद्यालय स्तरीय प्रतियोगितामा सहभागी नगराउने र नियम उल्लङ्घन गर्ने विद्यालयले शुल्कको दोब्बर जरिवाना तिर्नुपर्ने आयोजकले जनाएको छ ।

सहभागी २२ विद्यालयहरू मध्ये ग्रुप ए मा ऐश्वर्य विद्या निकेतन, ग्लि एकेडेमी, सत्यवती एकेडेमी, विसडम एकेडेमी र राईजिङ स्टार रहेका छन् । ग्रुप बि मा स्वर्णिम शिक्षा, एरिस्टो बोर्डिङ स्कुल, सिसिएस, विद्याभुषण र ज्योति बोर्डिङ स्कुल रहेका छन् ।

यस्तै, ग्रुप सि मा इमरल्याण्ड एकेडेमी, धनगढी प्रज्ञा सदन, सिद्धार्थ विद्या मन्दिर, बादसल्या विद्या निकेतन, एक्सीस विद्याआश्रम र चैतन्य पाठशाला रहेका छन् भने ग्रुप डी मा दुन एकेडेमी, वइस्टर्न क्रिस्टल एकेडेमी, होलील्याण्ड, डिस्कोभरी, अपि विद्या निकेतन र त्रिभुवन मावि रहेका छन् ।

# महाकालीमा निर्माण...

लागि पुगेको छ । सङ्कटग्रस्त क्षेत्र घोषणा गरेपछि तीन महिना सेनाले गाइडबण्डमा थप क्षति हुन नदिने गरी न्यूनीकरणको काम गरेको सूचना अधिकारी शाहले बताए । “अस्थायी निर्माणपछि सेनाले २० करोड रकम भुक्तानी गरिसकेको छ”, उनले भने, “अहिले निर्माणका लागि उपयुक्त समय भए पनि यो विषयमा टुङ्गो नलाग्दा अलमलमा छ ।” निर्माण टुङ्ग्याउने विषयमा माथिल्लो निकायको निर्णय पुल योजना कार्यालय कुरिरहेको उनको भनाइ छ ।

पुलको डिजाइन बन्दा ठूला ढुङ्गाको ‘गाइडबण्ड’ बनाउने सम्झौता गरिए पनि ठूला ढुङ्गाको व्यवस्थापन हुन नसकेपछि डिजाइन परिर्वतन भएको योजना कार्यालयले जनाएको छ । तीन अर्ब ६६ करोड रुपैयाको लागतमा निर्माण हुन लागेको उक्त पुलको काम विसं २०७४ भदौमा सुरु भएको थियो ।



कञ्चनपुर उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष दिनेश मल्लले महाकाली करिडोरसँग जोडेर आर्थिक नाकाका रूपमा विकास गर्न खोजिएको बताउँदै पुल निर्माण योजनामा भइरहेको ढिलाइप्रति चिन्ता व्यक्त गरे। “यति ठूलो लगानीमा पुलको ९५ प्रतिशत काम भइसकेपछि स-साना समस्या माथिल्लो निकायले सुल्झाउन ध्यान दिएको देखिँदैन”, मल्लले भने, “अर्बौं लगानी भइसकेको योजना सम्पन्न गर्न सरकार र सरोकार भएका निकाय गम्भीर हुनुपर्छ ।”

उनले पुलसँगै दोधारा चाँदनी सुक्खा बन्दरगाह निर्माण भएमा पश्चिमी नाका मुलुकको ठूलो र महत्वपूर्ण आर्थिक नाकाका रूपमा विकास हुने विश्वास व्यक्त गरे । उनले सरकारी पक्ष तथा सरोकार भएका निकायको योजनाप्रतिको बेवास्ताका कारण निर्माण व्यवसायी पछि हट्नुपर्ने अवस्था सिर्जना हुनु दुःखद् पक्ष भएको बताए ।

रमाईलो® तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

नि:शुल्क लोकसेवा कक्षा सञ्चालन हुने बारे सुचना
जय देबताल बाबा ।।
अनलाईन कक्षा तथा भौतिक कक्षा सञ्चालन हुने
लोक सेवा आयोगतर्फ: शाखा अधिकृत, ना.सु.,खरिदार
सङ्गठित संस्था सहायक द्वितीय, चौथो तह,
पूर्व योग्यता परीक्षाको लिखित तयारी कक्षा
प्राविधिक तर्फ: स्टाफ नर्स, अनमी,अहेव,कृषि तथा भेटेनरी
सुरक्षा निकाय तर्फ लोक सेवा बिशेष तयारी कक्षा
नेपाली सेना, सशस्त्र प्रहरी, नेपाली प्रहरी लोक सेवा आयोग लिखित तयारी कक्षाहरु
नेपाली सेनातर्फ: अधिकृत क्याडेट (Second Lieutenant) सेकेण्ड लेफ्टिनेन्ट, सैन्य
सशस्त्र प्रहरीतर्फ: प्रहरी निरीक्षक(इन्स्पेक्टर), अ.स.ई. (ASI), नेपाल प्रहरी जवान
नेपाली प्रहरी तर्फ: प्रहरी निरीक्षक (इन्स्पेक्टर), अ.स.ई. (ASI), नेपाल प्रहरी जवान
राष्ट्रिय अनुसन्धान विभाग : अनुसन्धान अधिकृत, सहायक सुचक, अन्य प्राविधिक
अंग्रेजी
गणित
नेपाली
सामान्यज्ञान
सैनिक ऐन तथा नियमावली
देबताल एजुकेशन रिसर्च सेन्टर
EDUCATION IS THE PATHWAY TO SUCCESS...
सम्पर्क कार्यालय
अत्तरिया शालिक चोक पूर्वपट्टी DXN Office संगै
9761183767, 9814522551
लोक सेवा तयारी कक्षा
प्रधान कार्यालय
भृकुटी स्कुलको व्यावसायिक भवनको तेस्रो तला
9814522551, 9820558221

छानको बालुवा र गिट्टी चाहिएमा ।

यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।
हाम्रा उत्पादनहरु
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा
डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ठ नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार
डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार
डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार
डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार
डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार
सुविधाहरू: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि ।
सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।

-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

## जिल्ला हुलाक कार्यालय कञ्चनपुर

---

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) *NMC No. 11978*

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेष: जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन विहान : ७ बजेदेखि ९:30 बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

## स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४

---

EMERGENCY 24 HOUR SERVICE

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes &
Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**

***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरु** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझमाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## डा. जेम्स मारक

MBBS, MD,
रेडियोलोजिष्ट RML

**अल्ट्रासाउण्ड सम्बन्धि बिरामीहरुका लागि**

***प्रत्येक दिन***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरु** : पित्तथैलीको कार्लप्लाडरको पथ्थरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना(स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरु** :
नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप

**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

***सुविधाहरु:*** *I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप, सी.पेप, भेन्टिलेटर, क्याण्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।*

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

## डा. गणेश बी. एल.

M.Ch (Neurosurgery)DELHI AIIMS
(वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म )

**आइन्टो, बेसफुलर, ब्रेन एवं स्पाइन रोग विशेषज्ञ**

***मस्तिष्क सम्बन्धि सम्पूर्ण उपचार हुने***

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७